# तिलाठी कोईलाडी गाउँपालिका

पार्श्व चित्र




**गाउँपालिकाको कार्यालय, तिलाठी सप्तरी**
web : www.tilathikoiladimun.gov.np
E-mail : tilathikoiladigp@gmail.com

# तिलाठी कोईलाडी गाउँपालिकाको पार्श्व चित्र

२०७५

**संरक्षक**

सतिश कुमार सिंह, गाउँपालिका अध्यक्ष

**सल्लाहकार**

सुचिता कुमारी यादव, गाउँपालिका उपाध्यक्ष

सरोज कुमार झा, प्रमुख प्रशासकिय अधिकृत

**लेखन तथा सम्पादन**

आयुश श्रेष्ठ

**लेखन सहयोगी**

देवश कुमार चौधरी

**बिशेष आभार तथा धन्यवाद**

राजेश कुमार झा (विपद् जोखिम न्यूनिकरण कार्यक्रम संयोजक)

जितेन्द्र कुमार जितु (पत्रकार)


**प्राबिधिक सहयोग :**

सबल नेपाल, सप्तरी

**प्रकाशक :**

## तिलाठि कोईलाडि गाउँपालिका, तिलाठि

गाउँपालिकाको नक्सा :




श्रोत : संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभपेज

सारांश

| छोटो रुप | पुरा रुप |
|---|---|
| गापा | गाउँपालिका |
| नपा | नगरपालिका |
| गाबिस | गाउँ विकास समिति |
| आ.व. | आर्थिक बर्ष |
| मि | मिटर |
| किमी | किलो मिटर |
| जिविस | जिल्ला विकास समिति |
| जिसस | जिल्ला समन्वय समिति |
| जि.बा.क.स. | जिल्ला बाल कल्याण समिति |
| हे. | हेक्टर |
| जिशिका | जिल्ला शिक्षा कार्यालय |
| जिप्रका | जिल्ला प्रशासन कार्यालय |
| मावि | माध्यमिक विद्यालय |
| प्रावि | प्राथमिक विद्यालय |
| उमावि | उच्च माध्यमिक विद्यालय |



सतिश कुमार सिंह
अध्यक्ष



सचिता कुमारी यादव
उपाध्यक्ष




सरोज कुमार झा
प्रमुख प्रशासकिय अधिकृत



वडा अध्यक्ष



वडा अध्यक्ष



वडा अध्यक्ष



वडा अध्यक्ष




वडा अध्यक्ष



वडा अध्यक्ष



वडा अध्यक्ष



वडा अध्यक्ष

## शुभकामना

नयाँ नेपाल निर्माणको लागि हजारौको बलिदान, त्याग, तपस्या अनि पसिनाले नेपालको संबिधान २०७२ लागु भएको थियो । तत् पश्चात देशलाई संघियतामा लानको लागि तथा सो मा समेत आफना जायज माँगहरुलाई पुरा गर्न सयौं जनताले शाहादत प्राप्त गरेर प्राप्त जनादेश अनुसार लागु भएको संघिय शासन अर्न्तगत यस तिलाठि कोईलाडि गाउँपालिकाको स्थापना भएको हो । संघिय शासन प्रणाली त्यस किसिमको शासन प्रणाली हो जहाँ कम्तीमा २ तहको सरकार हुन्छ र संबिधानबाटै बिभिन्न तहका सरकारबीच बिभाजन गरि समन्वयात्मक ढंगले शासन व्यवस्था संचालन गरिन्छ । बिश्वका २८ देशले यस प्रकारका शासन अवलम्वन गरेको छ । जस मध्ये पनी क्षेत्रफलका आधारमा बिश्वका ८ ठुला राष्ट्र मध्ये ७ राष्ट्रले समेत यो शासन व्यवस्था अवलम्वन गरेको छ ।

नेपालको संबिधान २०७२ अनुसार स्थानीय तहलाई ३ तहमा बिभाजन गरि व्याख्या गरिएको छ । जस अनुसार गाउँपालिका एक भौगोलिक तथा प्रशासनिक एकाई हो जसको कार्यकारणी अंग गाउँ कार्यपालिका हो भने व्यवस्थापकीय कार्य गर्ने अंग गाउँ सभा हो । हाल देशमा स्थानीय तहको संख्या ७ सय ५३ रहेको छ ।

हाल यस गाउँपालिकाले तयार गरेको पार्श्वचित्र पाउँदा हृदय देखि नै खुसि भएको छु । पार्श्व चित्रलाई बर्तमान अवस्थाको चित्रण गर्ने पारर्दशी ऐना पनी भन्ने गरिन्छ । पार्श्वचित्रले भू-उपयोगको अवस्था, जनसंख्याको स्थिती, सामाजिक चित्रण, शिक्षाको अवस्था, मानव संशाधनको स्तर, धार्मिक एवं सांस्कृतिक अवस्था लगायत गाउँपालिका क्षेत्रभित्रका अन्य श्रोतहरुको पहिचान गरि भौतिक प्राकृतिक स्थितीका बारेमा जानकारी एवं सु-सुचित हुने मौका प्रदान गर्ने भएकोले पनी प्रस्तुत अध्ययनको महत्व र उपयोगिता हरेक व्यक्ति, संस्था लगायत गाउँपालिकाको बिकासको लागि अति नै महत्वपुर्ण रहेको छ ।

अन्तमा यस पार्श्व चित्रमा दर्शाएका तथ्यांकहरुलाई अवलम्वन गर्दै समुदायको स्थितीको सुधारको लागि कार्य गर्ने तथा यस गाउँपालिकाको बिकासको लागि सम्भाव्यता तथा चुनौतीहरुलाई समेत समटेर कार्य गर्ने प्रतिबद्धता सहित यस पार्श्व चित्र तयार पार्न आफना लगनशिलता देखाउनु भएकोमा सबल नेपाललाई हार्दिक धन्यावद दिदै सो सफल पार्न दिन रात खटिनु हुने सम्पुर्ण टोलीलाई समेत यस गाउँपालिकाको तर्फबाट कृतज्ञता ब्यक्त गर्न चाहन्छु ।

मिति : २०७५।३।१८ गते ।

सतिश कुमार सिंह
गाउँपालिका अध्यक्ष

## शुभकामना

गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित भएको १ बर्ष नबित्दै मेरो गाउँपालिकाको पार्श्व चित्र तयार भई मेरो हातमा पर्दा म आफुलाई अत्यन्तै खुसी महसुस गरिरहेको छु । मैले अध्ययन गरे अनुसार यस पार्श्वचित्रमा तिलाठि कोईलाडि गाउँपालिका क्षेत्र भित्र पर्ने सम्पुर्ण वडाको सुचक अनुसार यथासक्य सम्पुर्ण विवरण समेटिएको छ । यसमा समावेश भएका वस्तुगत विवरण तथा जनसांख्यिक प्रक्षेपणहरूले जनप्रतिनिधिहरूलाई आगामी आर्थिक वर्षका लागि योजना तर्जुमा गर्न पक्कै पनि सघाउ पुग्नेछ भन्ने आशा एवम् विश्वास लिएको छु ।

पार्श्वचित्रबाट गाउँपालिका क्षेत्रमा विकासको कामहरू गर्दा कुन कुन क्षेत्रमा के समस्या र संभावनाहरू के छ छन् भन्ने कुरा थाहा हुन्छ । विभिन्न सरकारी निकाय, विकास साझेदारहरू र जनप्रतिनिधिलाई समेत यो पार्श्वचित्रले आफनो क्षेत्रको समस्या समाधानको लागि पहल गर्न सहयोग पुग्ने विस्वास मैले लिएका छु । यो पार्श्वचित्र विकासको काममा सरोकार राख्ने सबैका लागि धेरै हदसम्म उपयोगी बन्ने विश्वास लिएको छु । वास्तवमा यस गाउँपालिकाको प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरूको पहिचान गर्दै उक्त क्षेत्रहरूमा लगानी वृद्धि गर्न सक्ने आधार यो पार्श्वचित्रले दिएको छ । पार्श्वचित्र तयार गरी यस गाउँपालिकाको सार्वजनिक वस्तु तथा सम्पत्ति हामी माझ ल्याउन सफल हुनु भएकोमा सबल नेपाल सप्तरीलाई विशेष धन्यवाद दिन चाहन्छु । आफ्नो कार्यालयको कामलाई असर नपर्ने गरी अथक परिश्रमका साथ सुचना सङ्कलनको कार्यमा सहयोग गर्ने तिलाठि कोईलाडि गाउँपालिकाका वडा अध्यक्ष तथा सदस्यज्यूहरु, वडा सचिवज्युहरू, सरोकारवालाहरु, राजनितिक दलका प्रतिनिधीहरु र अन्य कर्मचारीहरू सबै धन्यवादका पात्र हुनुहुन्छ । यस गाउँपालिका क्षेत्रमा रहेका विद्यालय, वन, स्वास्थ्य संस्था, लगायत विविध क्षेत्रबाट सुचना उपलब्ध गराई सहयोग गर्नु हुने सम्पुर्ण व्यक्ति र निकायहरूलाई समेत धन्यवाद दिन चाहन्छु ।

अन्तमा, यो पार्श्वचित्र गाउँपालिकाको स्रोत र साधनले भ्याएसम्म त्रुटिरहित बनाउन सबल नेपालद्धारा प्रयास गरिएको छ । अझै पनि केही कमजोरी भएमा आगामी दिनमा सुधार गर्दै लगिने छ । देखिएका कमजोरीहरू औंल्याई सकारात्मक पृष्ठपोषण दिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछु ।

मिति : २०७५।३।१८ गते ।

सुचिता कुमारी यादव
गाउँपालिका उपाध्यक्ष

## शुभकामना

गाउँपालिका प्रोफाइल (Rural Municipality Profile) गाउँपालिकाको यथार्थ विवरण र वस्तुस्थिति चित्रण गर्ने प्रारम्भिक दस्तावेज हो । गाउँपालिका पार्श्वचित्रलाई वर्तमान अवस्थाको चित्रण गर्ने पारदर्शी ऐना पनि भन्ने गरिन्छ । प्रोफाइलले भु-उपयोगको अवस्था जनसंख्याको स्थिति, सामाजिक चित्रण, शिक्षाको अवस्था, मानव संसाधनको स्तर, धार्मिक एवम् सांस्कृतिक अवस्था लगायत गाउँपालिका भित्रका अन्य श्रोतहरुको पहिचान गरी भौतिक र प्राकृतिक स्थितिका बारेमा जानकारी एवम् सु-सुचित हुने मौका प्रदान गर्ने भएकोले पनि प्रस्तुत अध्ययनको महत्व र उपयोगिता हरेक व्यक्ति, संस्था लगायत गाउँपालिकाको विकासको लागि अति नै महत्वपूर्ण रहेको हुन्छ ।

जनतासँग प्रत्यक्ष सम्बन्ध गाँसिएको स्थानिय सरकारको रुपमा रहेको गाउँपालिकाले सरकार र जनता बीच सेतुको रुपमा काम गरिरहेको हुन्छ । सरकारी सेवा सुविधा प्रति विश्वसनियता कायम गरी संघीयतालाई साकार रुप दिने प्रयासका साथै स्थानीय तहमा प्रदान गरिने विभिन्न सेवा सुविधा लगायत बजेट निर्माण गरि योजना र कार्यक्रमलाई जनताको घरदैलो सम्म पुर्‍याई न्युनतम शर्त तथा कार्य सम्पादन मापन प्रकृयासँग आबद्ध गर्दै गाउँपालिका प्रोफाइललाई अनिवार्य न्यूनतम शर्तको रुपमा राखिएकोले पनि यसको निर्माण कार्य अपरिहार्य रहेको छ ।

राज्यको समग्र विकासको स्थिति र श्रोत साधनको अवस्था बारेमा जानकारी लिन सकिने आधार तथ्याङ्क भनेको नै यस्तै किसिमका स्थानीय तहको पार्श्वचित्र र श्रोतसाधनको अध्ययन हो । त्यसैले प्रोफाइल तयार गर्दा सत्यता र वस्तुस्थितीको नजिक पुग्ने प्रयास नै यसको पहिलो सफलता हो । सूचना र तथ्याङ्क संकलन एवम् विश्लेषण, प्रमाणीकरण लगायत विषयगत कार्यालयको सहयोगका साथै विभिन्न धार्मिक, सामाजिक, शैक्षिक, राजनैतिक क्षेत्रको समन्वय र सहकार्य यसको यथार्थता र विश्वसनियता पनि हो ।

प्रस्तुत प्रोफाइल तयार गर्ने क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको नमूना ढाँचा, सूचना एवम् तथ्याङ्क संकलन, विश्लेषण, तालिम एवम् गोष्ठीको व्यवस्था प्रस्तुत अध्ययनको आधिकारिकता हो । साथै उक्त कार्यक्रममा सहयोग पुर्‍याउनु हुने जनप्रतिनिधी ज्यूहरु, कर्मचारीहरु, सामाजिक परिचालक, राजनीतिक व्यक्तिहरु , शिक्षक, समाजसेवी, नागरिक समाज, सरकारी तथा निजी क्षेत्र लगायत अन्य सरोकारवाला प्रबुद्ध व्यक्तिहरु धन्यवादका पात्र हुनुहुन्छ ।

.......................

सरोज कुमार झा

प्रमुख प्रशासकीय अधिकृत

# बिषय सुचि ः


| क.सं. | बिषय सुचि | पाना नं. |
|---|---|---|
| १ | बिधि/प्रकृया | १-२ |
| २ | परिचय | ३- |
| | पृष्ठभुमि | ३-५ |
| | भौगोलिक अवस्था | ६-६ |
| | सापेक्षिक स्थान | ६-६ |
| | प्रशासनिक तथा राजनीतिक बिभाग | ६-६ |
| | भौतिक अवस्था | ७-७ |
| | भुगोल र माटोको बनावट | ७-७ |
| | भुमि प्रयोगको ढाँचा | ७-७ |
| | सांस्कृतिक बिविधता | ८-८ |
| | महत्वपूर्ण धार्मिक, पौराणिक तथा ऐतिहासिक स्थानहरू | ८-९ |
| | प्रमुख पर्वहरु | ९-१० |
| | स्थानीय निकायको निर्वाचनमा निर्वाचितहरु | ११-१२ |
| | प्रमुख प्रशासकिय अधिकृत र वडा सचिवको बिवरण | १२-१२ |
| ३ | जनसांख्यीक बिवरण | |
| | जनसंख्याको बिवरण र बिष्लेशण | १३-१३ |
| | जनसंख्या र घरधुरी | १३-१३ |
| | वडा अनुसार घरधुरी र जनसंख्याको बिवरण | १४-१४ |
| | उमेर तथा लिङ्गको आधारमा जनसंख्याको बिवरण | १५-१५ |
| | धर्मको आधारमा घरधुरीको बिवरण | १५-१५ |
| | ५ बर्ष भित्रका बालबालिकाको उमेर समुह र लिंग | १६-१६ |
| | जातजातिको आधारमा जनसंख्या | १६-१६ |
| | मातृभाषाको आधारमा जनसंख्या | १७-१७ |
| | दर्ता | १७-१७ |
| ४ | आर्थिक विकास | |
| | गापाको आय व्ययको विवरण | १८-१८ |
| | कृषि तथा पशु चौपाया | १८-१८ |
| | खेतिको बार्षिक कृषि उत्पादन | १९-१९ |
| | बार्षिक दालको उत्पादन | १९-१९ |
| | बार्षिक तेलको उत्पादन | १९-१९ |
| | बार्षिक तरकारी उत्पादन | १९-१९ |
| | बार्षिक फलफुलको उत्पादन | २०-२० |
| | प्रांगारिक तथा रासायनिक मल बित्तरक | २०-२० |
| | कृषि समुहको बिवरण | २१-२२ |
| | औद्योगिक तथा व्यवसायिक संगठन | २३-२६ |
| | बैंक तथा बित्तिय संस्था | २७-२८ |
| | व्यापार केन्द्रहरुको बिवरण | २९-३० |

| | | |
|---|---|---|
| | घरधुरीको सुबिधाको आधारमा | ३१-३१ |
| | पर्यटन र थप क्षमता | ३१-३१ |
| ५ | सामाजिक विकास | |
| | साक्षरता अनुसार ५ वर्ष माथिका उमेरको जनसंख्या | ३२-३२ |
| | बिभिन्न शैक्षिक तह अनुसार जनसंख्या विवरण | ३३-३३ |
| | शैक्षिक संस्थाहरुको बिवरण | ३४-३४ |
| | विद्यालयमा विद्यार्थीहरुको विवरण | ३५-३५ |
| | विद्यालय तथा वालविकास केन्द्र | ३६-३६ |
| | विद्यालयमा रहेका संरचनात्मक विवरणको अवस्था | ३७-३८ |
| | शिक्षकहरुको संख्या | ३९-३९ |
| | विद्यालयमा विद्यार्थी र शिक्षकको अनुपात | ४०-४१ |
| | हेल्थ पोष्ट र प्राथमिक स्वास्थ्य केन्द्रको संरचनात्मक ढाँचा | ४२-४२ |
| | वालवालिकाको खोपको विवरण | ४३-४३ |
| | खोप लगाउन छोडेको दर | ४४-४४ |
| | बिगत ३ वर्षमा पोषणको अवस्था | ४५-४५ |
| | परिवार नियोजन सम्बन्धी बिवरण | ४६-४६ |
| | घरधुरी अनुसार खानेपानी श्रोतको प्रयोग | ४७-४७ |
| | घरधुरी अनुसार चर्पीका प्रकार | ४८-४८ |
| | अपाङ्गता भएका व्यक्तिको संख्या | ४९-४९ |
| | बालक्लवको संख्या र अवस्था | ५०-५० |
| | सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण | ५१-५१ |
| ६ | भौतिक पुर्वाधार र बिकास | |
| | विद्यमान बाटोघाटोको संजाल | ५२-५२ |
| | सडक संजालको नक्सा | ५२-५२ |
| | राजमार्ग तथा अन्य सडकहरु | ५३-५३ |
| | पुलपुलेसाको विवरण | ५३-५३ |
| | सिंचाई | ५४-५४ |
| | सिंचित क्षेत्र | ५४-५४ |
| | घरधुरी अनुसार बिजुली बत्तिको मुख्य श्रोत | ५४-५४ |
| | खाना पकाउन इन्धनको प्रयोग | ५५-५५ |
| ७ | बन तथा वातावरण | |
| | सामुदायिक वनको विवरण | ५६-५७ |
| | निजी वनको विवरण | ५८-५८ |
| | औषत वार्षिक वर्षा विवरण | ५९-५९ |
| | औषत बार्षिक तापक्रम बिवरण | ६०-६० |
| ८ | विकासको सम्भाव्यता तथा चुनौतिहरु | |
| | सम्भाव्यताहरु | ६१-६१ |
| | चुनौतिहरु | ६१-६२ |
| ९ | गापाले अवलम्बन गर्नु पर्ने नीतिहरु | |

| | |
|---|---|
| कृषि | ६३-६३ |
| जनावर र चराहरु | ६४-६४ |
| उद्योग | ६४-६४ |
| पर्यटन | ६४-६४ |
| सहकारी | ६५-६५ |
| भुमि व्यवस्थापन | ६५-६५ |
| शिक्षा | ६६-६६ |
| स्वास्थ्य | ६७-६७ |
| खानेपानी तथा सरसफाइ | ६७-६७ |
| पर्यटन तथा संस्कृति | ६८-६८ |
| युवा तथा खेलकुद | ६८-६८ |
| महिला बिकास | ६८-६८ |
| बालवालिका | ६९-६९ |
| अपाङ्ग सम्बन्धी | ६९-६९ |
| HIV/AIDs रोकथाम | ६९-६९ |
| जातिय समुह | ६९-६९ |
| दलित, मुस्लिम र सिमान्तकृत समुह | ७०-७० |
| जेष्ठ नागरिक | ७०-७० |
| सडक | ७१-७१ |
| पुलपुलेसा | ७१-७१ |
| भवन तथा शहर विकास | ७२-७२ |
| बिजुली तथा बैकल्पिक उर्जा | ७२-७२ |
| संचार | ७२-७२ |
| सिचाई | ७२-७२ |
| बन तथा भुमि संरक्षण | ७३-७३ |
| वातावरण संरक्षण तथा जलवायु परिवर्तन | ७३-७३ |
| ठोस फोहोर र नाली व्यवस्थापन | ७३-७३ |
| प्रकोप व्यवस्थापन | ७३-७३ |
| गापाको स्थानीय संघ संस्था तथा युवा क्लवको विवरण | ७४-७४ |
| गापामा कार्यरत गैसस तथा अर्न्तराष्ट्रिय गैससको बिवरण | ७५-७५ |

# १. बिधि/प्रकृया

## १.१ भुमिका/परिचय :

नेपाल सरकारद्धारा स्थानीय स्तरको घोषणा पछि तिलाठि कोईलाडि गाउँपालिकाको गठन गरियो । सरकारद्धारा २७ फागुन २०७३ मा साबिकका ७ गा.बि.स. (तिलाठि १ देखि ९, लौनिया १ देखि ९, सकरपुरा १ देखि ९, कोईलाडि १ देखि ९, कोईलाडि बर्साइन १ देखि ९, कोईलाडि मधेपुरा १-३/८-९, बभनगामा कट्टी ५ देखि ९ तथा १ देखि ४) मिलि यस गाउँपालिकाको स्थापना भएको हो । कुनै पनि स्थानको बस्तु स्थिति विश्लेषण गर्न, त्यसको महत्व बुझ्न र विकासको सम्भावयता अध्ययन गर्न सहि सुचना तथा तथ्यांकहरुले महत्वपुर्ण भुमिका खेल्ने गर्छ । यस गाउँपालिकाको पुर्ण विवरणलाई सजिलै एउटा किताव मार्फत तथ्यांक सहित पढन पाउने बनाउने यसको मुख्य उद्देश्य रहनेछ ।

## १.२ उद्देश्य :

यो अध्ययनको मुख्य उद्देश्य सामाजिक, आर्थिक, भौगोलिक र अन्यमा तथ्यांक प्रदान गर्नका लागि हो । तिलाठि कोईलाडि गाउँपालिकाको प्रोफाइलको अर्को मुख्य उद्देश्य गाउँपालिकालाई विश्लेषण र मूल्याङ्कन गर्न समेत यसले मद्दत गर्दछ । अन्य विशेष उद्देश्यहरू निम्नानुसार छन ।

- गाउँपालिकालाई बिस्तृत विवरण उपलब्ध गर्ने ।
- पर्यावरण, आर्थिक, सामाजिक, संरचनात्मक, भौगोलिक र राजनीतिक बारेमा गाउँपालिकालाई जानकारी दिने ।
- विभिन्न स्रोतहरूको उपलब्धता र सर्तहरू विश्लेषण गर्ने ।
- अको बिस्तृत रुपमा शाखा, कार्यालय र संस्थाहरूको एकीकृत विवरण उपलब्ध गर्ने ।
- गाउँपालिकाको क्षेत्रगत विकासको संभावनालाई विश्लेषण गर्ने ।
- गाउँपालिकालाई सम्पुर्ण क्षेत्रका तथ्यांकहरुलाई उपलब्ध गराई गा.पालाई आवधिक वा बार्षिक योजनाहरु तयार पार्न सजिलो पार्ने ।

## १.३ तरिका :

यस कागजातलाई सबभन्दा पहिला तयार गर्न, एक जानकारी संग्रह फारम प्रतिको रूपमा तयार गरिएको थियो । साथै तथ्यांक सत्यतथ्य होस भनी सो फारमका प्रश्नहरुलाई समेत संलग्न गरि मोवाईल एप्स तयारी पारी sabalnepalHHapp तयार पारि तथ्यांक संकलनकर्तालाई सो मोवाईल एप बारे बिस्तृत जानकारी दिन १ दिने तालिमको समेत व्यवस्था गरि फिल्डमा परिचालन गरिएको थियो । साथ साथै तथ्यांक संकलनकर्ताहरुलाई फारमको समेत व्यवस्था गरिएको थियो । तथ्यांकलाई प्रभावकारी बनाउन सरोकारवालासंग छलफल गर्नुको साथै बौद्धिक वर्ग, युवा, सहजकर्ता, राजनीतिक दलका प्रतीनीधि लगायतसंग परामर्श समेत गरिएको थियो । यसलाई अझ प्रभावकारी बनाउन थप तथ्यांकहरु संकलन गरि बिस्तृत पार्श्व चित्रको परिकल्पना गरि तयार गरिएको हो । तयारीको क्रममा तथ्यांक संकलनमा केही अप्ठ्यारो परेता पनी सवैको सहयोग र सद्भावको कारण प्रभावकारी रुपमा तयार पारिएको हो । यो तयारीका लागि राष्ट्रिय सेन्सस डाटा, सप्तरी प्रोफाईल, गुगल, सरकारी कार्यालयहरु लगायतको समेत सहयोग लिइएको थियो । साथै तथ्यांक संकलकहरुको महत्पुर्ण योगदान संगै स्थानीयहरुको समेत पुर्ण रुपमा सहयोग रहेको छ ।

१.४ अध्ययनको सिमा :

दिशानिर्देश अनुसार तथ्यांक उपलब्ध गर्न अधिकतम प्रयास गरिएको छ । हालको नयाँ संरचना, काम गर्ने तरिका तथा नयाँ संरचना सुचारु समेत राम्ररी भई नसकेकोले उपलब्ध सुचनाहरु दिशानिर्देश अनुसार सिमित रहेको छ । तथापि यसलाई प्रभावकारी बनाउनका लागि कुनै कसर बाँकि राखिएको छैन र यसमा उल्लेख गरिएका सम्पुर्ण विवरण किफायति हुनेछ ।

## २. परिचय

२.१ पृष्ठभुमि :

सप्तरी जिल्ला भौगोलिक र प्रादेशिक बनाबटको आधारमा नेपालको २ नं. प्रदेशको पुर्वमा अवस्थित जिल्ला हो । यस जिल्लामा ९ वटा गाँउपालिका र ९ वटा नगरपालिकाहरु छन भने ४ वटा निर्वाचन क्षेत्रहरु रहेका छन ।

निर्वाचन क्षेत्र नं. २ अर्न्तगत तिलाठि कोईलाडि, छिन्नमस्ता गाउँपालिका, महदेवा गाउँपालिका तथा राजबिराज नगरपालिका गरि जम्मा ४ वटा स्थानीय तहहरु गरि सप्तरी जिल्लाको सवै भन्दा ठुलो निर्वाचन क्षेत्र हो । निर्वाचन क्षेत्र नं. २ को (क) अन्तर्गत पर्ने तिलाठि कोईलाडि गाउँपालिका भित्र वडा नं.१ मा साबिकको तिलाठि १ देखि ९ वडा, वडा नं. २ मा साबिकको लौनिया १ देखि ९ वडा, वडा नं. ३ मा साबिकको सकरपुरा १ देखि ९ वडा, वडा नं. ४ मा साबिकको कोइलाडि १ देखि ९ वडा, वडा नं. ५ मा साबिकको कोईलाडि बर्साइन १ देखि ९ वडा, वडा नं. ६ मा साबिकको कोईलाडि मधेपुराको १ देखि ३ तथा ८ र ९, वडा नं. ७ मा साबिकको बभनगामा कटी ५ देखि ९ तथा वडा नं. ८ मा बभनगामा कटी १ देखि ४ वडाहरु समावेश गरि यस गाउँपालिकाको निर्माण गरिएको छ । साबिकको ७ वटा गाबिसहरुलाई मिलाएर तिलाठी-कोईलाडी गाउँपालिकाको पुर्नसंरचना गरिएको हो । को. मधेपुरा बाहेकका ६ वटै गाविसहरु पुर्ण रुपमा यस गाउँपालिका अन्तर्गत समावेश गरिएको छ भने को.मधेपुराको १ देखि ४ सम्मका वडालाई राजविराज नगरपालिकामा गाँभिएको हो ।

मधेशी लगायत पछाडी परेका वर्ग समुदायको अथक संघर्ष पश्चात स्थापित संघिय संरचना अनुरुप प्रदेश नम्बर २ को पूर्वी सिमानामै अवस्थीत यस सप्तरी जिल्लाको आफ्नै ऐतिहासिक पहिचान छ । शैक्षिक तथा राजनैतिक चेतनाका दृष्टिले सप्तरी मुलुकमै आफ्नो पृथक पहिचान वनाउन सफल रहेको छ । धार्मिक दृष्टिले पनि सप्तरी मुलुकमै चिरपरिचित नाम हो ।

कुनै वेला मुलुकमै सवै भन्दा वढि गाविस रहेको यस जिल्लालाई कतिपयले 'गाउँ'हरुको जिल्ला भनेर समेत व्याख्या गर्ने गरेका छन्, यद्यपी यहाँका प्रत्येक गाउँ वस्तीको आफ्नै इतिहास छ । मिथिला संस्कृतिको पृथक पहिचान पनि सप्तरीको मौलिक विशेषता हो । पछिल्लो स्थानिय तह पुर्न संरचना अनुरुप सप्तरीलाई ९ गाउँपालिका र ९ नगरपालिकामा विभाजित गरियो । सदरमुकाम राजविराजसँगै जोडिएको तिलाठी कोईलाडी गाउँपालिका क्षेत्रफलको आधारमा सानो गाउँपालिका भएता पनी जनसंख्याको दृष्टिले जिल्लाकै सवै भन्दा ठुलो गाउँपालिका हो ।

भारतीय सिमानासँग जोडिएको जिल्लाको दक्षिणी सिमावर्ती गाउँपालिका तिलाठी कोईलाडी भौगोलिक दृष्टिले निकै सहज देखिन्छ । यद्यपी खाँडो, जिता, महुली, भलुवाही तथा कोशि नदिको बाढीका कारण बर्षा याममा बर्षेनी जोखिम युक्त विकटता पनि यस गाउँपालिकालाई त्यतिकै झेल्नुपर्ने बाध्यता रहेको छ । पूर्वमा हनुमाननगर कंकालनी नगरपालिका/कोसी नदि, पश्चिममा छिन्नमस्ता गाउँपालिका,

उत्तरमा महदेवा गाउँपालिका एवम् राजविराज र हनुमाननगर कंकालनी नगरपालिका तथा दक्षिणमा भारत विहार राज्य अन्तर्गत पर्ने सुपौल जिल्लाको कुनौली ग्राम पञ्चायतसँग यस गाउँपालिकाको सिमाना जोडिएको छ ।

तिलाठी कोईलाडीको पुरानो ऐतिहासिक पृष्ठभुमि रहेको छ । राजनीतिक, शैक्षिक चेतना तथा कला संस्कृति संरक्षण सम्बर्द्धनको पुरानै इतिहास बोकेको गाउँपालिका हो यो । राजधानि काठमाण्डौ लगायतका केहि सिमित क्षेत्रमा शैक्षिक गतिविधि संचालन भईरहँदा समेत यहाँ औपचारिक शिक्षा प्रदान गर्न सक्ने शैक्षिक संरचनाको विकास भईसकेको वताईन्छ । यस गाउँपालिकाको वडा नम्बर १ तिलाठी स्थित 'चौपाईढ' र 'पाठशाला' ती ऐतिहासिकतालाई दर्साईराखेका छन् । हाल गाउँपालिकाको कार्यालय पनि त्यसै शैक्षिक ऐतिहासिक पृष्ठभुमिको 'पाठशाला'मा सञ्चालित छन् ।

प्राचिन दरभंगा महराजका राजपुरोहित समेत रहेका यहाँका ज्योतषि स्व. परमेश्वरी दत्त मिश्रले 'चौपाईढ'को स्थापना गरि नेपाल र भारत दुई तिरकै इच्छुक विद्यार्थीहरुलाई निःशुल्क आवास र भोजन सहितको शिक्षा प्रदान गर्ने गरेका थिए । त्यहि 'चौपाईढ' कालान्तरमा 'पाठशाला'मा परिणत भएको थियो । विक्रम सम्बत १९८९ मा राणा तथा दरवारका राजपुरोहित समेत रहेका यहाँका बासिन्दा ज्योतषि स्व. यदुनन्दन मिश्रको पहलमा त्रि-चन्द्र संस्कृति स्कुलको स्थापना गरिएको थियो ।

शैक्षिक चेतना मात्रै नभई नेपाली राजनीतिक क्षितिजमा पनि तिलाठी-कोईलाडी चिरपरिचित नाम हो । प्रतिबन्धीत क्रुर पञ्चायत काल जतिवेला गणतन्त्र अर्थात राजा विहिन शासनका वारेमा मन मनै सोच्नु पनि दण्डनिय अपराध मानिन्थ्यो त्यतिवेला मुलुकमै पहिलो पटक गणतन्त्रको नारा गुञ्जिने ठाउँ तिलाठी कोईलाडी नै हुन । 'गणतन्त्रका प्रणेता' भनेर चिनिने मुलुककै पहिलो गणतन्त्रबादी नेता स्व. रामराजा प्रसाद सिंहको जन्म यसै गाउँपालिका अन्तर्गत वडा नम्बर ४ स्थित कोईलाडी गाउँ हो । स्व. रामराजा प्रसाद सिंह, लक्ष्मण प्रसाद सिंह, भरत प्रसाद सिंह, शत्रुधन प्रसाद सिंह वडा नम्बर १ तिलाठीका युवा साकेत चन्द्र मिश्र लगायतकाहरुले दशकौ अघि थालेको अभियान तथा गरेको त्याग र बलिदान मुलुकमा गणतन्त्र ल्याउन निकै सहायक सिद्ध भएको छ ।

'मधेशवाद' र 'संघियता'को नारामा पनि पहिलो पटक तिलाठी-कोईलाडी गाउँपालिकावाटै गुञ्जायमान भएको ऐतिहासिकतालाई समग्र मुलुकले नै स्विकारेको अवस्था छ । कोईलाडी निवासी स्व. गजेन्द्रनारायण सिंहले दशकौ अघि 'मधेशवाद'को 'जनक'का रुपमा बिद्रोह नथालेको भए मुलुकमा संघियता आउन अझै कयौ दशक कुर्नुपर्ने थियो ।

मुलुकको प्रजातान्त्रीक आन्दोलनमा पनि उत्तिकै सहयोगि भुमिका निर्वाह गरेको इतिहास बोकेको ठाउँ हो तिलाठी कोईलाडी । प्रतिबन्धीत कालमा यो गाउँपालिका काँग्रेसका नेताहरुको भूमिगत बास स्थल( सेल्टर)नै हुनेगर्थ्यो । विपि कोईराला, गणेमान सिंह, सुवर्ण शम्शेर, कृष्णप्रसाद भट्टराई जस्ता ठुला काँग्रेसी नेताहरु महिनौ आएर तिलाठी-कोईलाडीमा बास बसेको इतिहास छ । त्यतिवेला काँग्रेसको रणनीति निर्माण देखि कार्यकर्ता परिचालन सम्मको कार्य यहिवाटै हुने गरेको थियो । स्थानिय नेताहरु कुशेश्वर पाठक, जयमंगल प्रसाद सिंह, महेन्द्र राय, गजेन्द्रनारायण सिंह, विजयानन्द मिश्र, कमानन्द मिश्र लगायतकाहरुले आफ्नो ज्यू र धन दुवैको परवाह नगरि काँग्रेसको आन्दोलनलाई फरक उचाँईमा पुऱ्याएको इतिहास छ ।

नेपाली प्रजातान्त्रीक आन्दोलन मात्रै नभई काँग्रेस शासक विरुद्धको भारतीय स्वतन्त्रतता संग्रामलाई पनि तिलाठी-कोईलाडीले उत्तिकै सघाएको इतिहास छ । प्रतिबन्धित कालमा भारतीय स्वतन्त्रता संग्रामका महानायकहरु स्व. जयप्रकाश नारायण, जेपी लोहियाहरु पनि महिनौ आएर तिलाठी-कोईलाडी क्षेत्रमा बसोबास गर्ने गर्थे । तत्कालिन राणा शासकहरुले ती भारतीय नेताहरुलाई पक्राउ गरी हनुमाननगर जेलमा बन्द गरेका वेला उक्त जेल तोडेर उनीहरुलाई मुक्त गराई सशकुशल भारत पुऱ्याउने काममा पनि यहाँका बासिन्दाहरुले निकै ठुलो भुमिका निर्वाह गरेको बताईन्छ ।

राजनीतिक र शैक्षिक पृष्ठभुमि सँगै कला संस्कृति संरक्षण सम्बर्द्धनको पनि पुरानै इतिहास छ यहाँ । वडा नम्बर १ स्थित तिलाठी पाठशाला(गाउँपालिकाको प्रागंण)मा प्रत्येक वर्ष हुने सरस्वती पुजनोत्सव तथा बसन्त पञ्चमी मेलाको सयौ बर्ष पुरानो इतिहास छ । ४ दिन सम्म चल्ने यस मेलामा हजारौका संख्यामा सर्वसाधारण आगन्तुकहरु सहभगिता जनाउने गर्दछन् । यहाँ रंगमञ्चको इतिहास पनि त्यतिकै पुरानो छ । विक्रम सम्बत २००१ साद देखिनै यहाँ विधिवत रंगमञ्चको स्थापना भएको हो । २००१ सालमा स्थापित श्री सरस्वती सांस्कृति नाट्य कला परिषद् सम्भतः मुलुकै सवैभन्दा पुरानो नाट्य संस्था हुन् । हाल तिलाठीमै २ वटा नाट्य संस्थाहरु रहेका छन् भने लौनियाँ, सकरपुरा, कोईलाडी, मंसापुर लगायतका गाउँहरुमा पनि नाट्य संस्थाहरु अझै पनि रंगमञ्चलाई निरन्तरता प्रदान गरिरहेको अवस्था छ ।

यस गाउँपालिका अन्तर्गत रहेको तोपामा प्रत्येक वर्ष विवाह पञ्चमीको अवसरमा लाग्ने मेला तथा दशैको अवसरमा कोईलाडी, सकरपुरा लगायतका गाउँहरुमा लाग्ने मेला सर्वसाधारणका लागि आकर्षणको केन्द्र हुने गर्दछन् । त्यस्तै लक्ष्मी पुजाको अवसरमा लौनियाँमा भव्य मेला तथा सांस्कृतिक कार्यक्रमको आयोजना हुने गर्छन ।

साबिकको ७ वटा गाविसलाई मिलाएर यस गाउँपालिकाको पुर्न संरचना गरिएको भएपनि त्यस भित्रका तिलाठी र कोईलाडी गाउँपालिकाको संयुक्त नामवाट यस गाउँपालिकाको नामांकरण तिलाठी कोईलाडी गाउँपालिका गरिएको हो । यी दुवै गाउँहरुको पुरानो ऐतिहासिक पृष्ठभुमिको आधारमा यस गाउँपालिकाको नामांकरण भएको हो ।

यस गाउँपालिकाको चौतर्फि झण्डै २१ किलोमिटर कालोपत्रे सडक रहेको छ । दक्षिण पश्चिममा राजविराज कुनौली सडक, पूर्वमा कोसी नहर पश्चिमी तटबन्ध सर्भिस रोड र उत्तरमा राजविराज हनुमाननगर सडक कालो पत्रे रहेको छ । गाउँपालिका भित्र रहेका सडकहरु पनि तिब्र रुपमा स्तरोन्नतीको कार्य गाउँपालिका तथा ग्रामिण सडक सुदृढिकरण परियोजना(एसएनआरटीपि) मार्फत भईरहेको छ । गाउँपालिकाको आफ्नै कार्यालय भवन छ । अधिकांश वडा कार्यालयहरु पनि आफ्नै भवन भित्र संचालित रहेको छ ।

गाउँपालिका अन्तर्गत १७ वटा विद्यालय र २३ वटा बालविकास केन्द्रहरु रहेका छन् । एउटा प्राथमिक स्वास्थ्य केन्द्र सहित ६ वटा स्वास्थ्य संस्थाहरु छन् । २ वटा प्रहरी चौकि, सशस्त्र प्रहरीको २ वटा बोर्डर आउट पोष्ट समेत यस गाउँपालिका क्षेत्र भित्र रहेको छ । सप्तरीको मुख्य भन्सार नाका राजविराज भन्सार कार्यालय यसै गाउँपालिका अन्तर्गत पर्छन । निजी बैंकिंग सेवा प्रदायक संस्था १ एउटा( एनएमबी बैंक) यस गाउँपालिका भित्र रहेको छ ।

यस गाउँपालिकाको मध्य भाग भएर वग्ने २ वटा नदिहरु खाँडो र जिता नदिको बाढी यहाँको सवभन्दा ठुलो समस्या हो । यसका साथै कोसी, महुली र भलुवाही खोलाले पनि यस गाउँपालिकालाई बर्षैनी डुबानमा पर्ने गरेका छन् । यी नदीहरुलाई नियन्त्रण गर्ने कार्य गाउँपालिकाका लागि निकै चुनौतिपुर्ण रहेको छ । खास गरेर चुरे क्षेत्रवाट निस्केका यी नदिहरु तिलाठी-कोईलाडी हुँदै दक्षिणी सिमावर्ती भारतीय क्षेत्रमा प्रवेश गर्ने गर्छन । यद्यपी पछिल्लो केहि वर्ष यता दशगज्जा क्षेत्रमा यी नदिहरुले सहज निकास पाउन नसक्दा यस गाउँपालिकामा डुबानको समस्या जटिल बन्दै गएको हो । यसवाहेक आगलागी, शितलहर जस्ता विपदले पनि यस गाउँपालिकालाई वेलावखत सताउने गरेका छन् ।

डुबानको समस्या र चुनौतिका विच यहाँ विकासको सम्भावना पनि उत्तिकै रहेको छ । कृषिको प्रचुर सम्भावना रहेको ठाउँ हो यो । यस गाउँपालिका भित्र सयौको संख्यामा पोखरीहरु रहेका छन् । जहाँ माछा पालन व्यवसायको प्रचुर सम्भावना छ । सिंचाई व्यवस्थीत गर्न सकिए कृषिका लागि उर्बर ठाउँ हो यो । धान, गहुँ लगायत तरकरी, दलहन, तेलहन लगायत नगदेवाली उत्पादनका लागि पनि यो ठाउँ निकै उपयुक्त मानिन्छ । भारतीय नाका सँग जोडिएको हुनाले यहाँ व्यापारिक केन्द्र मात्रै नभई गाउँपालिकाको दक्षिण भेगमा रहेको जग्गा अधिग्रण गरी उद्योग स्थापना गर्न सक्ने सम्भावना समेत रहेको छ ।

२.२ भु-भौतिक बिशेषताहरु :

२.२.१ स्थान

२.२.१.१ भौगोलिक अवस्था :

तिलाठि कोईलाडि गाउँपालिकाले निम्न अक्षांश र देशान्तरको माध्यमबाट विस्तार गर्दछ ।

अक्षांश : 26° 46" देखि 26° 48" उत्तर

देशान्तर : 86° 28" देखि 86° 81" पुर्व

२.२.१.२ सापेक्षिक स्थान :

साबिकको ७ वटा गाविसलाई मिलाएर यस गाउँपालिकाको पुर्न संरचना गरिएको भएपनि त्यस भित्रका तिलाठी र कोईलाडी गाउँपालिकाको संयुक्त नामवाट यस गाउँपालिकाको नामांकरण तिलाठी कोईलाडी गाउँपालिका गरिएको हो । यी दुवै गाउँहरुको पुरानो ऐतिहासिक पृष्ठभुमिको आधारमा यस गाउँपालिकाको नामांकरण भएको हो । हाल गाउँपालिकाको सिमाहरु निम्नानुसार रहेको छ ।

पुर्व : हनुमाननगर कंकालिनी नगरपालिका/कोशि नदि

उत्तर : राजबिराज नगरपालिका र महदेवा गाउँपालिका

पश्चिम : छिन्नमस्ता गाउँपालिका

दक्षिण : भारतको बिहार राज्य अर्न्तगत पर्ने सुपौल जिल्लाको कुनौली ग्राम पन्चायत

२.२.१.३ प्रशासनिक तथा राजनीतिक बिभाग :

नयाँ संरचना अनुसार बिगतका ७ गा.बि.स.हरु मिली तिलाठि कोईलाडि गाउँपालिकाको निर्माण भएको हो । फाल्गुन २७, २०७३ मा गाभिएको यस गाउँपालिकालाई तत्पश्चात ८ वडामा बिभाजन गरिएको छ ।

तिलाठि कोईलाडि गाउँपालिकाको वडा बिभाजन :

| वडा नं. | पुर्व गाबिसहरु | पुर्व गाबिसका वडाहरु | क्षेत्रफल (वर्ग किमी) |
|---|---|---|---|
| १ | तिलाठि | १ देखि ९ | ३.५३ |
| २ | लौनिया | १ देखि ९ | ३.९३ |
| ३ | सकरपुरा | १ देखि ९ | ३.६४ |
| ४ | कोईलाडि | १ देखि ९ | ३.८६ |
| ५ | कोईलाडि बर्साइन | १ देखि ९ | ७.८ |
| ६ | कोईलाडि मधेपुरा | १-३ र ८, ९ | २.३७ |
| ७ | बभनगामाकट्टी | ५ देखि ९ | ४.४१ |
| ८ | बभनगामाकट्टी | १ देखि ४ | ३.३८ |
| | जम्मा | | ३२.९२ |

२.२.३ भौतिक अवस्था :

| **बिवरण** | **अवस्था** |
|---|---|
| जम्मा क्षेत्र | ३२.९२ वर्ग किमी |
| समुंद्री क्षेत्रदेखि आक्षांश अवस्था | ७२ मिटर देखि ७६ मिटर |
| औसत बार्षिक बर्षा | न्युनतम ६९.९ मिमि तथा अधिकतम ८७.१५ मिमि |
| औसत बार्षिक तापक्रम | अधिकतम 37° न्युनतम 15° |
| मौसम | यस क्षेत्रमा उष्ण मौसमको हावापानी पाईन्छ |
| मुख्य नदीहरु | खाडो, जिता र भलुवाहि |

२.२.४ भुगोल र माटोको बनावट :

डुबानको समस्या र चुनौतिका विच यहाँ विकासको सम्भावना पनि उत्तिकै रहेको छ । कृषिको प्रचुर सम्भावना रहेको यस गाउँपालिका भित्र सयौको संख्यामा पोखरीहरु रहेका छन् । जहाँ माछा पालन व्यवसायको प्रचुर सम्भावना छ । सिंचाई व्यवस्थीत गर्न सकिए कृषिका लागि उर्बर ठाउँ हो यो । धान, गहुँ लगायत तरकरी, दलहन, तेलहन लगायत नगदेवाली उत्पादनका लागि पनि यो ठाउँ निकै उपयुक्त मानिन्छ । भारतीय नाका सँग जोडिएको हुनाले यहाँ व्यापारिक केन्द्र मात्रै नभई गाउँपालिकाको दक्षिण भेगमा रहेको जग्गा अधिग्रण गरी उद्योग स्थापना गर्न सक्ने सम्भावना समेत रहेको छ ।

सप्तरी जिल्लाको अन्य गाउँपालिका र नगरपालिकाहरुको तुलनामा विकसित, व्यवस्थित, स्वस्थ्य र प्रयाप्त सम्भावित श्रोत साधन र सम्भाव्यता भएको गाउँपालिकाको रुपमा तिलाठि कोईलाडि गाउँपालिका स्थापना भईरहेको छ ।

२.३ सांस्कृतिक बिविधता :

बिभिन्न जात जातिको बसोवास रहेको यस गाउँपालिकामा मुख्यतः धानुक मण्डलहरुको बाक्लो संख्या रहेको छ । जातिय जनसंख्याको वसोवासको आधारमा राजपुत, मधेशी ब्राहमण, मुस्लिम, यादव, साह, बनिया, खत्वे, राम, सरदार लगायत समुदायहरुको समेत बाक्लो उपस्थिति रहेको छ । बिभिन्न जात जातिहरुको मिश्रित बस्ती तथा बाक्लो बसोवासको कारण मिश्रित संस्कृति, धर्म र परम्पराहरु जुन एक निश्चित हदसम्म सम्पुर्ण नेपालको प्रतिनितित्व गर्दछ । यस गाउँपालिको बिभिन्न महत्वपुर्ण स्थानहरु, पौराणिक र धार्मिक स्थलहरुबारे समेत तलका खण्डहरुमा प्रस्तुत गरिएको छ ।

२.४ महत्वपूर्ण धार्मिक, पौराणिक तथा ऐतिहासिक स्थानहरू :

तिलाठि कोईलाडि गाउँपालिकामा निम्नानुसारका धार्मिक स्थलहरु रहेको छ ।

| क्र.सं. | धार्मिक स्थलको नाम | स्थान | थप बिवरण |
|---|---|---|---|
| १ | सरस्वती मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. १ | सरस्वती पुजाको अवसरमा प्रत्येक बर्ष मेला लाग्ने |
| २ | लक्ष्मी नारायण मंन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. १ | लक्ष्मी पुजाको अवसरमा कार्यक्रम हुने |
| ३ | बजरंगवली मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. १ | कातिर्क महिनामा अष्टजाम हुने |
| ४ | माहादेव बावा | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. २ लौनिया | पुजा पाठ |
| ५ | रामजानकी मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. २ लौनिया | पुजा पाठ |
| ६ | बावा डिहिवार | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. २ | पुजा पाठ |
| ७ | उग्रतारा माँ भगवति मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ३ | प्रत्येक बर्ष मेला लाग्ने |
| ८ | हनुमान मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ३ | |
| ९ | रामजानकी मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ३ | |
| १० | गणेश मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ३ | |
| ११ | रामजानकि मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ३ | |
| १२ | शिव मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ३ | |

| | | | |
|---|---|---|---|
| १३ | रामजानकि मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ३ | |
| १४ | हनुमान मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ३ | |
| १५ | शिव मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ३ | |
| १६ | रामजानकि मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ३ | |
| १७ | डिहिवार बावा मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ३ | |
| १८ | राम जानकी मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ४ | |
| १९ | शिव मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ४ | |
| २० | महस्जिद | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ४ | |
| २१ | पंचमुखि हनुमान मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| २२ | ग्राम देवता स. को. | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| २३ | पुरन दास राम जानकि | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| २४ | राम जानकी मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| २५ | हनुमान मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| २६ | ओम शान्ति मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| २७ | राम जानकि मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| २८ | ग्राम देवता कुसहा | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| २९ | हनुमान मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ३० | राम जानकि मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ३० | हनुमान मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |

| | | | |
|---|---|---|---|
| ३१ | हनुमान मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ३२ | ग्राम देवता टिकुलिया | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ३३ | ग्राम देवता बनरझुला | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ३४ | हनुमान मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ३५ | हनुमान मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ३६ | शिव मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ३७ | शिव पार्वति मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ३८ | गेरनाथ मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ३९ | खंग टोल कुल देवता | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ४० | निरंकारी भवन | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ४१ | राम जानकी मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ४२ | हनुमान मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ५ | |
| ४३ | राधाकृष्णा मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ६ | |
| ४४ | भोला बावा मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ६ | |
| ४५ | राम जानकि मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ७ | |
| ४६ | ग्राम देवता | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ७ | |
| ४७ | ग्राम देवता भगवति | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ७ | |
| ४८ | हनुमान मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ८ | |
| ४९ | राम जानकि मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ८ | |

| | | | |
|---|---|---|---|
| ५० | भगवति मन्दिर | तिलाठि कोईलाडि गाउँपालिका वडा नं. ८ | |

श्रोत : सबल नेपाल, घरधुरी सर्भेक्षण २०७५

## २.५ प्रमुख पर्वहरु :

मधेशी समुदायको बाहुल्यता रहेको यस गाउँपालिकामा मातृभाषाको रुपमा मुलतः मैथली र हिन्दी बोल्ने गर्दछ भने तराई मधेशमा मनाईने सम्पुर्ण पर्वहरुका साथै राष्ट्रिय पर्वहरु समेत यहाँ हर्षोउल्लासका साथ मनाईने गरिन्छ ।

प्रत्येक जातीय समूह द्वारा दशै, तिहार, जनै पूर्णिमा, फागु पूर्णिमा, बैशाख सक्रान्ति, मकर संक्रान्ति, शिवर्तरी, चौरचन, छठ, सिरुवा, जुड सितल, अद्रा, लग पाचे, रक्षा बन्धन, जितिया, शुक्राति, होली, नेमान, माघे (तिला) संक्रान्ति, बिवाह पन्चमी, श्री कृष्णा जन्मअष्ठमी, सरस्वती पुजा, लक्ष्मी पुजा, रामनवमी, झुला, फागु, तिज, भरदुतिया, तिलासंक्रान्ति, शिवरात्री, एकादशी, स्वस्थानी लगायत लगायतका प्रमुख चाडहरुसंगै अन्य चाडपर्वहरु समेत हर्षोउल्लासका साथ मनाउने गर्दछ ।

मुसलमानहरुद्धारा बकरीद तथा ईद जस्ता मुख्य पर्वहरु मनाउने गरेका छन । जस अर्न्तगत मिलाज, कुर्वानी, रोजा, सोभरात, रमजान लगायत पर्ने गर्छन । प्राप्त जानकारी अनुसार मुसलमानहरुले पढने नवाजलाई निम्नानुसारको नाम दिइएको छ र उनीहरुको शुक्रवारदेखि हप्ताको शुरुवात हुने गरेको छ ।

| क.स.. | समय | नाम |
|---|---|---|
| १ | बिहान ४ बजे | फजर |
| २ | दिउसो १ :३० बजे | जोहर |
| ३ | साँझ ४ बजे | असर |
| ४ | साँझ ६:३० बजे | मगरेद |
| ५ | राति ८:३० बजे | ऐशा (पाचौ बखतको नवाज) |

## २.५ स्थानीय तहको निर्वाचनमा निर्वाचितहरु :

तिलाठि कोईलाडि गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु :

<table>
<tr><th colspan="2">पद</th><th>नाम</th><th>सम्पर्क नम्वर</th><th>कैफियत</th></tr>
<tr><td colspan="2">अध्यक्ष</td><td>सतिश कुमार सिंह</td><td>9852821845</td><td></td></tr>
<tr><td colspan="2">उपाध्यक्ष</td><td>सुचिता कुमारी यादव</td><td>9815780955</td><td></td></tr>
<tr><td rowspan="4">वडा नं. १</td><td>वडा अध्यक्ष</td><td>दिनेश्वर मिश्र</td><td>9862829776</td><td></td></tr>
<tr><td>महिला सदस्य</td><td>पुष्पादेवी राय</td><td>9811766259</td><td></td></tr>
<tr><td>दलित महिला सदस्य</td><td>मंजुदेवी राम</td><td>9813065281</td><td></td></tr>
<tr><td>सदस्य</td><td>रामलखन यादव</td><td>9816756828</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | सदस्य | चन्दन कुमार झा | 9819737224 | |
| वडा नं. २ | वडा अध्यक्ष | खगेन्द्र मण्डल | 9805911860 | |
| | महिला सदस्य | चन्दना देवी मण्डल | 9827700118 | |
| | दलित महिला सदस्य | सितादेवी खंग | 9814743285 | |
| | सदस्य | दिनेश मण्डल | 9816728261 | |
| | सदस्य | बिरेन मण्डल | 9814770222 | |
| वडा नं. ३ | वडा अध्यक्ष | मनोज कुमार चौधरी | 9842628537<br>9814357665 | |
| | महिला सदस्य | रिता साह | 9805994949 | |
| | दलित महिला सदस्य | रामवति खंग | 9804754341 | |
| | सदस्य | अवधेश कुमार देव | 9807700324 | |
| | सदस्य | रामदेव मण्डल | 9815776716 | |
| वडा नं. ४ | वडा अध्यक्ष | गोपि मण्डल | 9816756677 | |
| | महिला सदस्य | गितादेवी | 9811777606 | |
| | दलित महिला सदस्य | सुमिन्द्रदेवी खंग | 9818068310 | |
| | सदस्य | दिनेश प्रसाद सिंह | 9801533397 | |
| | सदस्य | भोला मण्डल | 9819772885 | |
| वडा नं. ५ | वडा अध्यक्ष | राजेन्द्र प्रसाद साह | 9862153192 | |
| | महिला सदस्य | शारदा देवी साह | 9827731937 | |
| | दलित महिला सदस्य | रधियादेवी साह | 98117772746 | |
| | सदस्य | सिताराम राय | 9825751086 | |
| | सदस्य | सुर्यनारायण रजक | 9819978244 | |
| वडा नं. ६ | वडा अध्यक्ष | गोबिन्द यादव | 9814753135 | |
| | महिला सदस्य | सन्ति देवी | 9807727546 | |
| | दलित महिला सदस्य | रेणु देवी | 9807722082 | |
| | सदस्य | रफिद मंसुरी | 9819765777 | |
| | सदस्य | | | |
| वडा नं. ७ | वडा अध्यक्ष | गुलाव प्रसाद सिंह | 9807796210 | |
| | महिला सदस्य | कमल देवी मण्डल | 9825742981 | |
| | दलित महिला सदस्य | आशादेवी सरदार | 9872918389 | |
| | सदस्य | भौरी साह | 9803013686 | |
| | सदस्य | रामनारायण साह | 9805973648 | |

| | | | | |
|---|---|---|---|---|
| वडा नं. ८ | वडा अध्यक्ष | लक्ष्मी प्रसाद मण्डल | 9804793582 | |
| | महिला सदस्य | बिमल कुमारी मण्डल | 9814757131 | |
| | दलित महिला सदस्य | मानती देवी सदा | 9804767188 | |
| | सदस्य | शिव नारायण मण्डल | 9805972139 | |
| | सदस्य | अरुण कुमार देव | 9824316296 | |

गाउँ कार्यपालिकाका सदस्यहरुको बिवरण :

| क.सं. | नाम | सम्पर्क नं. |
|---|---|---|
| १ | दामोदर मुखिया | 9816791892 |
| २ | उमेश राय | 9805997718<br>9842168613 |
| ३ | राधिका देवी खंग | 9817402572 |
| ४ | गिता देवी मण्डल | 9811777606 |
| ५ | बिमल कुमारी मण्डल | 9808958623 |
| ६ | रिता देवी साह | 9805994949 |

तिलाठि कोईलाडि गाउँपालिकाका प्रशासकिय अधिकृत र वडा सचिवहरुको बिवरण :

| क.सं. | नाम | पद | वडा नं. | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | सरोज कुमार झा | प्रमुख प्रशासकिय अधिकृत | गा.पा. | 9852822225 |
| २ | मिथलेश झा | वडा सचिव | १ | 9805912023 |
| ३ | मुक्तिलाल मण्डल | वडा सचिव | २ | 9805925892 |
| ४ | जगदिश यादव | वडा सचिव | ३ | 9817722251 |
| ५ | राम सिंह | वडा सचिव | ४ | 9804701997 |
| ६ | राम सिंह | वडा सचिव | ५ | 9804701997 |
| ७ | जगदिश यादव | वडा सचिव | ६ | 9817722251 |
| ८ | संतलाल मण्डल | वडा सचिव | ७ | 9807770026 |

| | | | | |
|---|---|---|---|---|
| ९ | संतलाल मण्डल | वडा सचिव | ८ | 9807770026 |

## ३. जनसांख्यिक बिवरण

### ३.१ जनसंख्याको बिवरण र बिश्लेषण :

कुल ८ वडा रहेको यस तिलाठि कोईलाडि गाउँपालिकाको यस पार्श्वचित्रको तयारीको क्रममा लिएको तथ्यांक अनुसार ७ हजार १ सय ३३ घरधुरी रहेको र औसत घरधुरीको परिवार संख्या ५.३८ रहेको छ। जसमा लिंगको अनुपात १०८.२२ रहेको छ। बिस्तृत बिवरण तल बिस्तृत रुपमा उल्लेख गरिएको छ।

### ३.१.१ जनसंख्या र घरधुरी :

लिङ्ग र परिवारको अनुसार जनसंख्या वितरण तल तालिकामा राखिएको छ। तालिकाबाट देखापरेको औसत घरको आकार ५.३८ जसको तुलनामा राष्ट्रिय प्रोफाइल भन्दा निकै बढी देखिएको छ। नेपालको औसत घरधुरी ४.८८ रहेको छ। लिंगको अनुपात १०८.२२ रहेको छ। तथ्यांक यस प्रकार रहेको छ।

| घरधुरी | जनसंख्या | महिला | पुरुष | औसत घरधुरी आकार | लिंग अनुपात |
|---|---|---|---|---|---|
| 7133 | 38365 | 18425 | 19940 | 5=38 | **108=22** |

श्रोत : सबल नेपाल, घरधुरी सर्भेक्षण २०७५

### ३.१.१ (क) वडा अनुसार घरधुरी तथा जनसंख्याको बिवरण :

सप्तरी जिल्लाकै सवै भन्दा बढी जनघनतत्व रहेको यस गाउँपालिकाको वडा नं. ७ को जनघनत्व सवैभन्दा बढी रहेकोछ भने वडा नं ५ को सवै भन्दा कम जनघनत्व रहेको छ। बिस्तृत बिवरण यस प्रकार रहेको छ।

| वडा नं. | घर परिवार संख्या | महिला | पुरुष | जम्मा | क्षेत्रफल वर्ग किमि | औषत जनसंख्या | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| 1 | 753 | 1985 | 2243 | 4228 | 3.53 | 5.61 | 1197.7 |
| 2 | 701 | 1772 | 2036 | 3808 | 3.93 | 5.43 | 968.96 |
| 3 | 1052 | 2570 | 2781 | 5351 | 3.64 | 5.09 | 1470.1 |
| 4 | 878 | 2328 | 2576 | 4904 | 3.86 | 5.59 | 1270.5 |
| 5 | 1207 | 3142 | 3392 | 6534 | 7.8 | 5.41 | 837.69 |
| 6 | 607 | 1091 | 1285 | 2376 | 2.37 | 3.91 | 1002.5 |
| 7 | 1154 | 3449 | 3159 | 6608 | 4.41 | 5.73 | 1498.4 |
| 8 | 781 | 2088 | 2468 | 4556 | 3.38 | 5.83 | 1347.9 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| hDdf | 7133 | 18425 | 19940 | 38365 | 32.92 | 5.38 | 1165.4 |

श्रोत : सबल नेपाल, घरधुरी सर्भेक्षण २०७५

३.१.१ (ख) उमेर तथा लिंगका आधारमा जनसंख्याको बिवरण :

| उमेर समुह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ५ बर्ष भन्दा मुनि | 2152 | 2461 | 4613 |
| ५-९ बर्ष | 2365 | 2430 | 4795 |
| १०-१४ बर्ष | 2212 | 2314 | 4526 |
| १५-१८ बर्षसम्म | 1645 | 1754 | 3399 |
| १९-२४ बर्षसम्म | 1651 | 1502 | 3153 |
| २५-४५ बर्षसम्म | 5261 | 5421 | 10682 |
| ४६-५९ बर्षसम्म | 1978 | 2373 | 4351 |
| ६०-६९ बर्षसम्म | 812 | 916 | 1728 |
| ७० बर्षभन्दा माथी | 497 | 621 | 1118 |
| जम्मा | 18573 | 19792 | **38365** |

श्रोत : सबल नेपाल, घरधुरी सर्भेक्षण २०७५

३.१.१ (ग) धर्मको आधारमा घरधुरीको बिवरण :

| क.सं. | धर्म | घरधुरी |
|---|---|---|
| १ | हिन्दु | 6905 |
| २ | मुस्लिम | 228 |

श्रोत : सबल नेपाल, घरधुरी सर्भेक्षण २०७५

३.१.२ ५ बर्ष भित्रका बालबालिकाको उमेर समुह र लिंग

यस गाउँपालिकाको कुल जनसंख्याको १२.०२ प्रतिशत ५ बर्ष मुनिका बालबालिकाको रहेको छ। ५ वर्षे जनसंख्या जसले तिनीहरूको हेरविचार र गाउँपालिकाद्वारा महत्वपूर्ण कार्यक्रमहरुको आवश्यकता पर्दछ। बिस्तृत बिवरण यस प्रकार रहेको छ।

| बालक | बालिका | जम्मा | औषत |
|---|---|---|---|
| 2461 | 2152 | 4613 | 12=02 |

श्रोत : सबल नेपाल, घरधुरी सर्भेक्षण २०७५

३.१.३ जात जातिको आधारमा घरधुरी :

तिलाठि कोईलाडि गाउँपालिकामा करिव २७ जात जाति तथा ३८ थर भएको समुदायको बसोवास रहेको छ । जसमध्ये मण्डल जातिको बाहुल्यता रहेको छ भने दलित, तेली, राजपुत, मधेशी बाह्रमण मुस्लिम, यादव संगै अन्य मधेशी समुदायको बाक्लो उपस्थिति रहेको छ । घरधुरीको संकलन गरिएको तथ्यांक अनुसार उल्लेखित तथ्यांक रहेको छ ।

| क.सं. | जातजाति | घरधुरी |
|---|---|---|
| 1 | मण्डल | 2025 |
| 2 | खंग | 608 |
| 3 | साह | 598 |
| 4 | मधेशी बाहुन | 546 |
| 5 | यादव | 543 |
| 6 | मुखिया | 442 |
| 7 | राजपुत | 414 |
| 8 | राँय | 323 |
| 9 | मुस्लिम | 228 |
| 10 | सरदार | 208 |
| 11 | राम | 184 |
| 12 | मलाह | 171 |
| 13 | ठाकुर | 104 |
| 14 | मुसहर | 103 |
| 15 | बनिया | 93 |
| 16 | पंडित | 90 |
| 17 | शर्मा | 74 |
| 18 | रजक | 55 |
| 19 | देव | 53 |
| 20 | पासवान | 41 |
| 21 | सदा | 39 |
| 22 | सुतिहार | 37 |

| | | |
|---|---|---|
| 23 | महतो | 26 |
| 24 | साफी | 24 |
| 25 | कामैत | 22 |
| 26 | मालि | 20 |
| 27 | डोम | 19 |
| 28 | कायस्थ | 17 |
| 29 | राउत | 10 |
| 30 | बर्मा | 3 |
| 31 | साहनी | 3 |
| 32 | चौरसिया | 3 |
| 33 | मलिक | 2 |
| 34 | गोसिया | 2 |
| 35 | गिरी | 2 |
| 36 | अमात | 1 |
| | **जम्मा** | **7133** |

श्रोत : सबल नेपाल, घरधुरी सर्भेक्षण २०७५

३.१.४ मातृभाषाको आधारमा घरधुरी :

यस गाउँपालिकामा मधेशी समुदायहरुको बाक्लो उपस्थितीका कारण मातृभाषाको रुपमा मैथलि प्रमुख भाषाको रुपमा बोलिने गरिन्छ भने सो बाहेक मुस्लिम समुदायको समेत बाक्लो उपस्थितीका कारण उर्दु (हिन्दी) समेत यहाँको दोश्रो भाषाको रुपमा बोलिने गरिन्छ । बिस्तृत बिवरण निम्नानुसार रहेको छ ।

| क.सं. | मातृभाषा | घरधुरी |
|---|---|---|
| १ | मैथिली | **6905** |
| ३ | उर्दू/हिन्दी | **228** |

श्रोत : सबल नेपाल, घरधुरी सर्भेक्षण २०७५

३.१.५ दर्ता :

गाउँपालिकाले उपलब्ध गराएको तथ्यांक अनुसार तथ्यांक अनुसार २०७५ सम्म जम्मा ८ सय १६ जनाको जन्म भएको देखिन्छ । जसमा ४ सय ७ बालिका र ४ सय ९ बालक रहेको छ । त्यसै गरि १

सय १० जनाको मृत्यु भएको देखिन्छ भने सम्बन्ध बिच्छेद एक जनाको पनि नभएको तथा बिवाह १ सय ९८ जनाको भएको देखिन्छ साथै बसाई सराई अन्तर्गत ५२ जना गएको तथा २ जना आएको देखिन्छ । बिस्तृत बिवरण यस प्रकार रहेको छ ।

| वडा नं. | जन्म | | | मृत्यु | | | बिवाह | बसाई सराई | | सम्बन्ध बिच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | गएको | आएको | |
| 1 | 50 | 50 | 100 | 5 | 8 | 13 | 40 | 10 | | |
| 2 | 42 | 36 | 78 | 5 | 8 | 13 | 21 | 2 | | |
| 3 | 64 | 52 | 116 | 6 | 3 | 9 | 30 | 0 | | |
| 4 | 51 | 39 | 90 | 2 | 1 | 3 | 20 | 2 | | |
| 5 | 28 | 39 | 67 | 5 | 4 | 9 | 25 | 5 | | |
| 6 | 122 | 160 | 282 | 16 | 20 | 36 | 41 | 3 | 2 | |
| 7 | 33 | 23 | 56 | 5 | 9 | 14 | 18 | 30 | | |
| 8 | 17 | 10 | 27 | 6 | 7 | 13 | 3 | | | |
| hDdf | 407 | 409 | 816 | 50 | 60 | 110 | 198 | 52 | 2 | 0 |

श्रोत : पंजिकरण शाखा, तिलाठि कोईलाडि गा.पा.

## ४. आर्थिक बिकास

यस गाउँपालिका भित्र सयौको संख्यामा पोखरीहरु रहेका छन् । जहाँ माछा पालन व्यवसायको प्रचुर सम्भावना छ । सिंचाई व्यवस्थीत गर्न सकिए कृषिका लागि उर्बर ठाउँ हो यो । धान, गहुँ लगायत तरकरी, दलहन, तेलहन लगायत नगदेवाली उत्पादनका लागि पनि यो ठाउँ निकै उपयुक्त मानिन्छ । भारतीय नाका सँग जोडिएको हुनाले यहाँ व्यापारिक केन्द्र मात्रै नभई गाउँपालिकाको दक्षिण भेगमा रहेको जग्गा अधिग्रण गरी उद्योग स्थापना गर्न सक्ने सम्भावना समेत रहेको छ ।

एनएमबि बैंकले आफनो शाखा बिस्तार संगै यस गाउँपालिकामा समेत शाखा स्थापना गरे संगै यस क्षेत्रका मानिसहरुलाई आर्थिक कारोवार गर्न सहज भएको छ । खासै सहकारी संस्था यस गापामा नभएता पनी भएकालाई सजिलो भएसंगै रेमिट्यान्स कारोवार लगायतको लागि प्रभावकारी बनेको छ । नेपाल सरकारको नीति अनुसार प्रत्येक क्षेत्रमा बैंकहरुको सहुल्यता पुग्ने भए अनुसार भविष्यमा यस क्षेत्रमा थप बैंकहरुले आफनो शाखा बिस्तार गरे यस गापाको आर्थिक बिकासमा महत्वपुर्ण टेवा पुग्ने थियो । स्थानीयसंगको परामर्श अनुसार यस क्षेत्रको मुख्य आय भनेकै कृषि रहेको तथा बैदेशिक आप्रवासनबाट आउने रेमिट्यान्स रकम तथा जनमजदुरी रहेको छ ।

### ४.१ बिगतका दिनका आय व्ययको बिवरण :

| आ.व. | आय रकम | व्यय रकम |
|---|---|---|
| २०७३।७४ | आन्तरिक आय | चालु खर्च - |
| | मालपोत लगायत नगदी आम्दानी - | पुजीगत - |
| | नेपाल सरकारबाट प्राप्त कुल निकासा - | |
| | जम्मा : | जम्मा खर्च : |
| | | |

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |

श्रोत : तिलाठि कोईलाडि गाउँपालिकाको लेखा शाखा

४.२ कृषि तथा पशुचौपाया :

तराईका जनताहरुको मुख्य पेशा नै कृषि भएका कारण यस क्षेत्रमा धान, गँहु, मकै, तोरी जस्ता कृषि आम्दानी बढी रहेको पाईन्छ । त्यस बाहेक फलफुल लगायतको समेत उत्पादन राम्रो रहेको छ । यस क्षेत्रमा पोखरी बढी रहेकोले माछा पालनको समेत प्रचुर सम्भावना रहेको छ । बिस्तृत जानकारी तल उल्लेख गरिएको छ ।

४.२.१ खेतिको बार्षिक कृषि उत्पादन आ.व. २०७४।७५

| **खेतिको नाम** | **बार्षिक उत्पादन** |
|---|---|
| धान | ४२७१ मे.ट. |
| गहु | १२७१ मे.ट |
| मकै | १९ मे.ट |
| तोरी | १५ मे.ट |
| आलस | ०.७५ मे.ट |
| मसुरो | २ मे.ट |

श्रोत : कृषि बिकास कार्यालय, सप्तरी

बार्षिक दालको उत्पादन :

| प्रकार | आर्थिक बर्ष (२०७४।७५) | |
|---|---|---|
| | क्षेत्र (हे) | उत्पादन (मे.ट) |
| मसुरो | ६५ | ३८ |
| गहुत | १९ | १६ |
| मुङ | २१ | ५ |
| खेसारी | १ | .६० |

श्रोत : कृषि बिकास कार्यालय, सप्तरी

बार्षिक तेलको उत्पादन :

| प्रकार | आर्थिक बर्ष (२०७४।७५) | |
|---|---|---|
| | क्षेत्र (हे) | उत्पादन (मे.ट) |
| तोरी | ४१ | ३८ |
| सर्स्यु | १९ | १५ |
| आलस | १२ | २ |
| सुर्यमुखि | ०.५ | ०.२१ |

श्रोत : कृषि बिकास कार्यालय, सप्तरी

बार्षिक तरकारीको उत्पादन :

| प्रकार | आर्थिक बर्ष (२०७४।७५) | |
|---|---|---|
| | क्षेत्र (हे) | उत्पादन (मे.ट) |
| बर्षे तरकारी | २९ | २५३ |
| हिउँदे तरकारी | ५६ | ७९८ |
| बेमौसमी तरकारी | ६.७ | ६७ |

श्रोत : कृषि बिकास कार्यालय, सप्तरी

बार्षिक फलफुलको उत्पादन :

| प्रकार | आर्थिक बर्ष (२०७४।७५) | |
|---|---|---|
| | क्षेत्र (हे) | उत्पादन (मे.ट) |
| आँप | १९८ | ८४.५ |
| लिची | ३ | १७ |
| कटहर | ०.६ | २.५ |
| अम्बा | ०.४ | १ |

श्रोत : कृषि बिकास कार्यालय, सप्तरी

४.२.३ प्रांगारिक तथा रासायनिक मल बित्तरक :

सप्तरी जिल्लामा आ.व. २०७३।७४ को तथ्यांक अनुसार ४८ वटा प्रागरिक तथा रासायनिक मल बित्तरक रहेको तथा जस अन्तर्गत युरिया ४५९३.८ केजी, डिएपी २८९६.६ केजी तथा पोटास ३३२.५५ केजी सप्तरीको सदरमुकाम राजबिराज स्थीत कृषि सामाग्री कम्पनी लिमिटेडबाट खर्चिएको छ भने ४८ बित्तरक मध्ये ३ बित्तरक यस गाउँपालिकामा रहेका छुन । जसले गर्दा यहाँ किसानहरु केही सहुलियत भएता पनि सामाग्रीका अपर्याप्ताका कारण प्राय: जसो सदरमुकाम मुखी बढी हुनु परेको छ भने फाटफुट रुपमा चर्को मुल्यमा समेत मल खरिद भई रहेकोले स्थानीय स्तरमा थोक बित्तरक हुनु पर्ने आवश्यक्ता रहेको छ । हाल तिलाठि कोईलाडि गाउँपालिकामा १ मात्र मल बिक्रेताले जिल्ला कृषि विकास कार्यालय सप्तरीमा सुचि दर्ता गराएको छ। सप्तरीको सदरमुकाम राजबिराज समेत नजिक पर्ने हुनाले यस क्षेत्रका मानिसहरु राजबिराजमै प्राय खरिद बिक्री गर्ने गरेको छ।

| क.सं. | इजाजत पत्र प्राप्त गर्ने संस्था/ब्यक्तिको नाम र ठेगाना | इजाजत पत्र जारी मिति |
|---|---|---|
| १ | महराज ससिया कृषि सहकारी संस्था लिमिटेड, साबिकको सकरपुरा -६<br>प्रोपोराईटर : लालु खंग | २०७०।७२१ गते । |

श्रोत : कृषि बिकास कार्यालय, सप्तरी

.२.४ कृषि समुहको बिवरण :

सप्तरी जिल्लामा आ.व. २०७४।७५ को तथ्यांक अनुसार ७ सय १७ वटा कृषक समुहको गठन भएको छ भने तिलाठि कोईलाडि गाउँपालिकामा १७ वटा कृषि समुहको गठन भएको तथ्यांक अनुसार

देखिएको छ । कृषि समुहको गठन उनिहरुलाई कृषि सम्बन्धी रासायनिक मल, बिउ बिजन सम्बन्धि जानकारीको लागि गठन गरिएको हो । गठन भएको समुहको बिस्तृत बिवरण यस प्रकार रहेको छ ।

| क.सं. | समुहको नाम | गठन भएको वडा | सदस्य | | | अध्यक्षको नाम |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | श्री हरियाली कृषक समुह | को मधेपुरा ६, ९ | 0 | 22 | 22 | इन्द्रदेव यादव |
| २ | श्री नवजागरण कृषक समुह | को मधेपुरा ८ | 12 | 14 | 26 | अरुण कुमार यादव |
| ३ | श्री सिलाशेर मिश्रित कृषक समुह | बभनगामा कटी ६ | 8 | 17 | 25 | जिवछ कुमार यादव |
| ४ | श्री माँ भगवती कृषक समुह | कोईलाडि १ | 9 | 14 | 23 | सुरज कुमार सिंह |
| ५ | श्री नवयुग कृषक समुह | को मधेपुरा ८ | 15 | 11 | 26 | गोबिन्द यादव |
| ६ | श्री चण्डिका कृषक समुह | बभनगामा कटी १,२,३ | 10 | 12 | 22 | चन्द्रशेखर झा |
| ७ | श्री बजरंगवली महिला कृषक समुह | लौनिया ७ | 22 | 0 | 22 | शान्ति देवी मण्डल |
| ८ | श्री पिछडा वर्ग महिला प्याज उत्पादक कृषक समुह | को मधेपुरा ३ | 12 | 10 | 22 | निलम कुमारी मण्डल |
| ९ | श्री अन्दी महतो कृषक समुह | को मधेपुरा ९ | 12 | 14 | 26 | राम प्रसाद मण्डल |
| १० | श्री पिछडा वर्ग प्याज उत्पादक कृषक समुह | को मधेपुरा ३ | 13 | 14 | 27 | रामचन्द्र मण्डल |
| ११ | श्री कृष्णा सामुदायिक महिला कृषक समुह | बभनगामा कटी २ | 21 | 0 | 1 | जंजिरा देवी यादव |
| १२ | श्री अध्यारी भगवती वागवानी कृषक समुह | कोईलाडि २ | 14 | 11 | 25 | राजेश कुमारी सिंह |
| १३ | श्री श्री १०८ श्री बजरंगली महिला कृषक समुह | लौनिया ४ | 23 | 0 | 23 | |
| १४ | श्री बजरंगवली महिला कृषक समुह | लौनिया ४ | 21 | 0 | 21 | कृष्णादेवी मण्डल |
| १५ | श्री रामस्वामी कृषक समुह | को मधेपुरा ४ | 14 | 9 | 23 | रामअवतार मण्डल |
| १६ | श्री लक्ष्मी नारायण बहु उद्धेश्य कृषक समुह | तिलाठि १ | 4 | 11 | 15 | प्रमोद झा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | श्री हरिशंकर कृषक समुह | को बर्साइन १ | 8 | 17 | 25 | अनिल कुमार यादव |

श्रोत : कृषि बिकास कार्यालय, सप्तरी

४.३ व्यापार तथा बाणिज्य

४.३.१ औधोगिक तथा व्यवसायिक संगठन :

प्राप्त तथ्यांक अनुसार सप्तरी जिल्ला उधोग बाणिज्य संघमा आ.व.२०७३।७४ सम्म यस गाउँपालिकाको दर्ता भएका ३४ औधोगिक तथा व्यवसायिक संगठनहरुको बिवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | सदस्यता नम्बर | फर्मको नाम | प्रोपांईटरका नाम | ठेगाना | पान नं. |
|---|---|---|---|---|---|
| 1 | 1486 | सागर कन्सट्क्शन | श्री सतिश चन्द्र मिश्र | तिलाठी | 300133640 |
| 2 | 2106 | श्री राम किराना पसल | श्री राम नारायण यादव | तिलाठी | 300269954 |
| 3 | 3394 | अल्टीमेट कलेक्शन जेनरल स्टोर | श्री राजेन्द्र कुमार | तिलाठी | |
| 4 | 3605 | जय मां वैष्णो देवी खरिद विकी तथा किराना स्टोर | श्रीमती रिता देवी यादव | तिलाठी | |
| 5 | 3804 | सागर ट्रेडर्स एण्ड सप्लायर्स | श्री सतिश चन्द्र मिश्र | तिलाठी | 422.065.066 |
| 6 | 3923 | चन्दन ट्रेडर्स एण्ड सप्लायर्स | श्री चन्दन कुमार झा | तिलाठी | 303500016 |
| 7 | 4390 | बेल्ही सप्लायर्स नेपाल | श्री चन्द्रजीत यादव | तिलाठी | 825 |
| 8 | 4575 | प्रज्ञा ट्रेडर्स एण्ड सप्लायर्स | श्री आभा मिश्रा | तिलाठी | |
| 9 | 4841 | श्री पशुपति ट्रेडर्स एण्ड सप्लायर्स | श्री कुमुद मोहन झा | तिलाठी | |
| 10 | 4890 | जय मां काली सप्लायर्स | श्री मदन प्रसाद यादव | तिलाठी | |
| 11 | 4891 | जय मां काली ट्रेडर्स एण्ड खरिद विकी | श्री श्याम नारायण यादव | तिलाठी | 305109720 |
| 12 | 4045 | मंगल चण्डी ट्रेडर्स एण्ड सप्लायर्स | श्री रमेश प्रसाद देव | सकरपुरा | |

| | | | | | |
|---|---|---|---|---|---|
| 13 | 5212 | मिना किरना स्टोर्स | श्रीमती मिना देवी सिंह | सकरपुरा | |
| 14 | 3094 | तुलिका ट्रेड सेन्टर | श्री आरती सिंह | कोइलाडी | |
| 15 | 3132 | शिवम मार्केटिंग | श्री शिवेश कुमार सिं | कोइलाडी | |
| 16 | 3157 | मां भवानी कृषी उपज खरिद विकी केन्द्र | श्रीमती शुशीला देवी सिं | को. वर्साईन | |
| 17 | 4505 | राजदेवी सप्लायर्स | श्री चनरदेव मण्डल | को. मधेपुरा | |
| 18 | 4657 | निरंकारी खरिद विकी केन्द्र | श्री राजेन्द्र साह | को. वर्साईन | 3.048E+09 |
| 19 | 5219 | जय मां काली ट्डर्स | श्री धर्मानन्द रजक | को. वर्साईन | 600350909 |
| 20 | 5235 | प्रेम मल खाद विकी सेन्टर | श्री जितेन्द्र कुमार साह | को. वर्साईन | |
| 21 | 5236 | जितेन्द्र ख. वि. के. | श्री राम गुलाम साह | को. वर्साईन | |
| 22 | 5254 | मधुशाला | श्री केशव सिंह | कोइलाडी | 600474090 |
| 23 | 5329 | विणा मदिरा पसल | श्री सत्य नारायण खंग | को. वर्साईन | |
| 24 | 5411 | शहंशा ट्डर्स | श्री सोहन साह तेली | को. वर्साईन | 601509032 |
| 25 | 1700 | शैलेन्द्र ट्रेडर्स | श्री सुर्य नारायण साह | वभनगामाकट्टी | 301600216 |
| 26 | 2569 | चन्द्रिका ट्रेडर्स | श्री सुर्य नारायण यादव | वभनगामाकट्टी | |
| 27 | 2675 | पंकज पुष्कर ट्रेडर्स | श्री भगवती प्रसाद दास | वभनगामाकट्टी | 17697.06 |
| 28 | 2776 | न्यू कृष्णा खरिद विकी केन्द्र | श्री राधा कृष्ण मण्डल | वभनगामाकट्टी | 301366779 |
| 29 | 3005 | कृष्ण ट्रेडर्स | श्री बाल कृष्ण यादव | वभनगामाकट्टी | |
| 30 | 3068 | रेखा आयल ट्रेडर्स | श्री सिहेश्वर दास | वभनगामाकट्टी | |
| 31 | 3342 | रवि ट्रेडर्स | श्री सुव्वा लाल राम | वभनगामाकट्टी | |
| 32 | 3603 | श्री सुभद्रा नारायण ट्रेडर्स | श्री चतुर नारायण दास | वभनगामाकट्टी | 253.064.065 |
| 33 | 4852 | लक्ष्मी खरिद विकी केन्द्र | श्री बद्री मण्डल | वभनगामाकट्टी | |
| 34 | 5125 | सतिश ट्डर्स | श्री जितेन्द्र प्रसाद साह | वभनगामाकट्टी | |

श्रोत : सप्तरी जिल्ला उधोग बाणिज्य संघ, राजबिराज

४.३.२ बैंक तथा बित्तिय संस्था :

नेपालमा आर्थिक कारोवारको लागी फस्टाएको व्यवसाय नै सहकारी संस्थाहरु हो । तथापी यस क्षेत्रमा खासै सहकारी संस्थाहरु रहेको छैन । नयाँ स्थापित गाउँपालिका भएका कारण खासै ठुला बैंकहरुको स्थापना यस क्षेत्रमा नभएता पनि यो गाउँपालिका सप्तरीको सदरमुकाम राजबिराज नजिक तथा भारतको सिमानासंग जुटेकोले समेत सम्भावना बोकेको गाउँपालिका मध्ये एक हो । बैंकिग कारोवारका लागि यस क्षेत्रको मानिसहरु राजबिराज मुखि नै भएकोले यस क्षेत्रमा क वर्गको बैंक खोल्नु पर्ने आवश्यक्ता देखिएको छ । हाल सो क्षेत्रमा अवस्थित सहकारी तथा बित्तिय संस्थाहरुको बिस्तृत बिवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | बैंक तथा बित्तिय संस्थाको नाम | ठेगाना | कारोवार |
|---|---|---|---|
